**श्री**

**उच्च अदालत जनकपुर**

**संयुक्त इजलास**

**इजलास नं. १**

**माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल**

**माननीय न्यायाधीश श्री कृष्णमुरारी शिवाकोटी**

**फैसला**

निर्णयनं.-१४१

फौ.नं.-०८०-CS-०६७५

रजिष्ट्रेशन नः-३६-०७५-००६८६

**मुद्दा : कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग।**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.१९ मा घर भई हाल कारागार कार्यालय सिन्धुलीमा वस्ने झौली यादवको छोरा अरुण कुमार यादव.........................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

जिल्ला धनुषा, गा.वि.स बेंगा शिवपुर वडा नं. ३ हाल परिवर्तित जनकपुर उप-महानगरपालिका वडा नं.१९ मा वस्ने स्व.रामहृदय यादवको छोरा प्रमोद यादवको जाहेरीले नेपाल सरकार...............................................................................१ } प्रत्यर्थी वादी

निर्णय नं.-१४२

फौ.नं.-०८०-CS-०७८४

रजिष्ट्रेशन नः-३६-०७५-००६८६

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.१९ मा घर भई हाल कारागार कार्यालय सर्लाहीमा वस्ने अरुण कुमार यादवको छोरा अतिसुन्दर यादव ....................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

जिल्ला धनुषा, गा.वि.स बेंगा शिवपुर वडा नं. ३ हाल परिवर्तित जनकपुर उप-महानगरपालिका वडा नं.१९ मा वस्ने स्व. रामहृदय यादवको छोरा प्रमोद यादवको जाहेरीले नेपाल सरकार...............................................................................१ } प्रत्यर्थी वादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |

| | |
|---|---|
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री पुनाराम खनाल |
| शुरु फैसला मिति | २०८०।०६।०५ |
| शुरू मुद्दा नम्बर | ०७५-C१-००१७ |
| पुनरावेदन दर्ता मिति | २०८०।११।२०/२०८०।१२।२५ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-

**तथ्य खण्ड**

१. **घट्नास्थल प्रकृति मुचुल्काः-** जिल्ला धनुषा, जनकपुर उप महानगरपालिका वडा नं.१९ शिवपुर अन्तर्गत पूर्वमा अरुण कुमार यादवको घर, पश्चिममा अगम विराजीको घर जग्गा, उत्तरमा बाटो र रामवृक्ष यादवको दरवजा र दक्षिणमा रामहुलास यादवको दरवाजा र बाटो यति चार किल्लाभित्र पुलचोकदेखि थुमौना जाने कच्ची बाटो, रहेको सो बाटोको चौडाई १९ फिट रहेको, सो बाटोको पुर्वतर्फ अरुण यादवको घर अगाडि मिति २०७५।४।२० गते २०:३० वजेको समयमा अरुण यादव र रामवृक्ष यादवको घर परिवारका मानिसहरु विच झैझगडा कुटपिट हुँदा अरुण यादव र निजको छोरा अतिसुन्दर यादव समेतले हातमा बोकेको चक्कुले रामवृक्ष यादव र निजको छोरा रामसोगारथ यादवलाई चक्कु प्रहार गरेको स्थानमा रहेको हिलो माटोमा मान्छेहरु खुट्टाले टेकेको डामहरु रहेको, सो स्थानमा कालोमा गुलावी फिता भएको लेडिज चप्पल थान २, कालो प्लाष्टिकको जुत्ता थान १ र पुरुषले लगाउने रातो म्याजिक लेखिएको चप्पल थान १, सो चप्पलमा रगत जस्तो पदार्थ लागेको, अरुण यादवको घरको कम्पाउण्डको दक्षिण वालको पश्चिम कुनालाई संकेत A मानिएको, सो स्थानदेखि रातो चप्पलमा रगत लागेको संकेत A को दुरी ७ फिट ६ ईन्च, A देखि संकेत २ को दुरी घाँसमा रगत लागेको स्थान १० फिट, A देखि कालो प्लाष्टिकको जुत्ता संकेत ३ को दुरी ६ फिट ३ ईन्च, A देखि लेडिज चप्पल संकेत ४ को दुरी ४ फिट १० ईन्च रहेको, A देखि लेडिज चप्पल संकेत ५ को दुरी ६ फिट ५ ईन्च रहेको, A देखि ८ फिट पूर्व उत्तरको कुनामा अरुण कुमार यादवको दरवाजातर्फ भुईं जमिनमा १५ ईन्च लम्वाई भएको निलो प्लाष्टिकको बिंड लगाएको PIRGEPRO 2001 25 CM लेखिएको छुराको स्टिल भागमा रगत जस्तो पदार्थ लागेको छुरा थान १ संकेत ६ समेत प्रहरीले फेला पारी बरामद गरी लगेको हो भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

२. **घटना विवरण कागजः-** मिति २००७५।४।२० गते अं. २०:३० वजेको समयमा मेरो घरको आँगनमा १०/१५ जना मानिसहरु बसिरहेका थिए। मेरो घरको उत्तर साईडको टाँसिएकै घरको आगनमा अरुण कुमार यादवको छोरा वुहारी समेतले अरुण कुमार यादवको वुवालाई किन अरुको घरमा गएर मागचाङ्ग गरेर खाने गरेको कारणले गर्दा अरुण कुमार यादव समेतले आफ्नै बुवा झौली यादवलाई गाली गलौज कुटपिट गरेको हुँदा झौली यादवको कान्छो भाई रामवृक्ष यादवले अरुण कुमार यादवको परिवार समेतलाई सम्झाई बुझाई गाली गलौज नगर्नु, झौली यादवलाई जे जो गर्नु पर्ने गर्नु, निजको बुवा आमालाई गाली गलौज

नगर्नु भन्दा अरुण कुमार यादवको छोरा अति सुन्दर यादवको छोरी बुहारी समेतले वारदात स्थानमा रामवृक्ष यादव र राम सोगारथ यादव समेतलाई कुटपिट गरी कुटपिट गर्दै रहेको अवस्थामा निजहरुमध्येका अतिसुन्दर यादवले आफ्नो हातमा बोकेको चक्कूले रामवृक्ष यादव र निजको छोरा राम सोगारथ यादवलाई सो चक्कुले प्रहार गरी सख्त घाईते बनाएकोमा घाईतेलाई उपचारको लागि जनकपुर अंचल अस्पतालमा लगेकोमा घाईते मध्येका रामवृक्ष यादवको मृत्यु भएको ठिक साँचो हो भन्ने समेत व्यहोराको आरश देवी यादवले गरेको घट्ना विवरण कागज।

३. **लाश जाँच प्रकृति मुचुल्काः-** जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. १० स्थित जनकपुर अंचल अस्पतालको आकस्मिक कक्षको बेड नं.२ मा पश्चिम टाउको, पूर्व खुट्टा दुवै हात आ-आफ्नो साईडमा रही मुखबाट आलो रगत निस्केको, सेतो गंजी धोती लगाएको, छातीको भागमा रातो गम्छाले बाँधेको, उक्त गम्छा गंजी धोती समेतमा रगत लागी भिजेको, उत्तानो अवस्थामा रामवृक्ष यादवको लाश रहेको, मुखबाट रगत निस्किएको अवस्थामा रहेको, बाँया साईडको छातीको कोखको भागमा २ ईन्च लामो प्वाल परेको घाउ रहेको, सो घाउबाट आलो रगत निस्किएको अवस्थामा रहेको भन्ने समेत व्यहोराको लाश जाँच प्रकृति मुचुल्काको व्यहोरा।

४. **जाहेरी दरखास्तको व्यहोराः-** मिति २०७५।४।२० गते १९:३० वजेको समयमा जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं.१९ शिवपुर वस्ने अरुण मरिक यादव, ईनो देवी यादव, अति सुन्दर यादव र विनिता यादव समेतले मेरो वुवा रामवृक्ष यादव र मेरो दाई रामसोगारथ यादवलाई घेरा हाली भाग्न उम्कन नदिई ज्यानै मार्ने उद्देश्यले छुरा प्रहार गरी सख्त घाईते बनाएकोमा घाईते भएको बुवाको जनकपुर अंचल अस्पतालमा मृत्यु भएको र भाइलाई उपचारको लागि काठमाण्डौ लगेको हुँदा प्रतिवादीहरुलाई कर्तव्य ज्यान र ज्यान मार्ने उधोग अन्तर्गत हदैसम्मको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको प्रमोद यादवको जाहेरी दरखास्त।

५. **घाईतेले गरेको घटना विवरण कागजः-** मिति २०७५।४।२० गते १९ बजेको समयतिर म आफ्नै घरमा रहेको अवस्थामा अरुण मरिक यादवको बृद्ध बुवा मेरो काका मेरो घरमा आई दुध माग्नु भएकोमा मेरो घर परिवारका मानिसले काकालाई गिलासमा दुध दिएका थिए। सोही बखत प्रतिवादी मध्येकी बिनिता यादव मेरो दरवाजामा आफ्नो हजुरवुवा अर्थात मेरो काका झौली मरिक यादवलाई दुध खाएको देखी सो स्थानमा आई किन दुध मागेर खाएको भनी गाली गलौज गरी हातपात समेत गरेको देखी किन त्यसरी बृद्ध मानिसलाई गाली गलौज गरेको हो भनी विनिता यादवलाई मैले गाली गलौज गरेको थिएँ। सो पश्चात विनिता यादव आफ्नो घरतर्फ गईन्। सोको केही बेरपश्चात प्रतिवादीहरु अरुण मरिक यादव, अति सुन्दर यादव, ईनो देवी यादव र बिनिता यादव समेत भई आफ्नो घर अगाडि बाटोमा म तथा मेरो घर परिवारका मानिसहरुलाई गाली गलौज गरेको सुनी म तथा मेरो भाई प्रमोद यादव समेत आफ्नो घरबाट निस्की किन गाली गरेको हो भनी सोधपुछ गर्दा प्रतिवादी अरुण मरिक यादव बिच हात हालाहाल र सामान्य कुटपिट समेत भएको थियो। कुटपिटको क्रममा अरुण मरिक यादवले तिमीलाई मारी दिन्छु भन्दै थिए। सो स्थानमा उपस्थित स्थानीय व्यक्तिहरुले हामीलाई छुट्टाई दिएका थिए। सो स्थानमा कुराकानी हुँदै थियो। सोही बखत मेरो बुवा

रामवृक्ष यादव पनि सो स्थानमा आई पुग्नु भयो। सो बखतमा प्रतिवादी अरुण मरिक यादवलाई आज यो रामवृक्ष र यसको छोरालाई मारी दिउ भन्दा प्रतिवादी मध्येका अतिसुन्दर यादवले आफ्नो हातमा बोकेको छुराले मेरो वुवाको बाँया कोखामा प्रहार गरे। मैले आफ्नो बुवालाई समाल्न खोज्दा प्रतिवादी अतिसुन्दर यादवको हातबाट सो छुरा प्रतिवादी अरुण मरिक यादवले लिई सोही छुराले अरुण मरिक यादवले मेरो बाँया कोखामा प्रहार गर्दा म तथा मेरो बुवा सोही स्थानमा ढलेकोमा प्रतिवादीहरुले सो छुरा घटनास्थलमा छाडी भागी फरार भएको थिए। तत्काल सो स्थानमा रहेको मेरो भाई लगाएतका स्थानीय व्यक्तिहरुले म तथा मेरो वुवालाई उपचारको लागि जनकपुर अंचल अस्पतालमा लगेका थिए। अस्पतालमा पुग्दा बुवा रामवृक्ष यादवको मृत्यु भईसकेको भनी चिकित्सकले बताए। मेरो सामान्य उपचार गराएको थिए। मिति २०७५।४।२४ गते पुनः चेक गराउन बोलाएको छ। हाल उपचार पश्चात मेरो अवस्थामा सुधार हुँदै आएको छ। हाल उपचारकै क्रममा रहेको छु। वारदातको स्थानमा प्रतिवादी ईनोदेवी यादव र बिनिता यादव समेत उपस्थित रहेका थिए। प्रतिवादीहरुलाई कानूनबमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको घाईते राम सोगारथ भन्ने सोगारथ यादवले गरेको घटना विवरण कागज।

६. **प्रतिवादी अरुण कुमार यादवको अनुसन्धानको बयानः-** मिति २०७५।४।२० गते दिउँसो आफ्नो काम विशेषले जनकपुर बजार आई काम सकी बेलुका करिब १९:०० बजेको समयतिर आफ्नो घरमा जाँदा मेरो घरमा मेरी श्रीमती इनो देवी यादव, छोरी विनिता यादव एक आपसमा कुराकानी गर्दै थिए। के भयो भनी सोध्दा मेरो छोरी रुन थालेकीले किन रोएको भन्दा काका रामसोगारथ यादवले मलाई विभिन्न प्रकारको अपशब्द प्रयोग गरी गाली गर्नु भएको छ, किन गाली गर्यो त भन्दा मेरो बुबा झौली यादवले मेरो भाई नाता पर्ने जाहेरवालाको घरबाट दुध मागी खाएको छोरी बिनिता यादवले देखी हामीसँग मेलमिलाप नरहेको जाहेरवालाको घरबाट किन दुध मागेर खाएको भनी मेरो बुबा झौली यादवलाई मेरी छोरीले गाली गर्दा जाहेरवालाको दाजु राम सोगारथले मेरी छोरीलाई तथानाम गाली गरेको भनी छोरीले बताएकी थिइन्। सोही क्रममा मेरो छोरा अतिसुन्दर यादव पनि सो स्थानमा आइपुगेपछि सोही कुरा छोरीले अतिसुन्दरलाई पनि बताएकीले म समेतलाई रिस उठी यो राम सोगारथ बढ्ता भएको छ, यसलाई ठिक पार्नु पर्छ, जे गर्नु परे पनि पछि नहट्ने सल्लाह गरी मैले आफ्नो घरमा रहेको लाठी बोकेको, छोरा अतिसुन्दर यादवले घरमा रहेको निलो रंगको प्लाष्टिकको बिंड भएको स्टिलको छुरा आफ्नो कम्मरमा पाइन्टको चेपमा लुकाई राखी, श्रीमती इनो देवी यादव र छोरी विनिता यादवले आ-आफ्नो हातमा लाठी भाटा बोकी, घरबाट बाहिर निस्की आफ्नो घर अगाडि बाटोमा आई सोही विषयमा जाहेरवालाको घर परिवारका मानिसहरुलाई गाली गर्न थालेपछि जाहेरवालाको घरबाट पनि जाहेरवाला, निजको बुबा रामवृक्ष यादव, दाजु रामसोगारथ यादव, जाहेरवालाको आमा र भाउजु पनि आफ्नो घरबाट निस्की हामीलाई गाली गलौज गर्न थाले। सोही क्रममा राम सोगारथ यादव र रामवृक्ष यादव हामी भएको स्थानमा आएकोले रामसोगारथ यादव र म बीच हात हालाहाल कुटपिट हुन थालेपछि जाहेरवालाको बुबा रामवृक्ष यादवले मेरो छोरा अतिसुन्दर यादवलाई एक झापड हानेकोले मैले आज यिनीहरुलाई छाड्नु हुँदैन, ज्यानै मारिदिनुपर्छ, जे हुन्छ, पछि हेरौंला भनेपछि मेरो छोरा अति सुन्दर यादवको साथमा रहेको स्टिलको छुरा निकाली

जाहेरवालाको बुबा रामवृक्ष यादवको बाँया कोखाको भागमा प्रहार गर्दा रामवृक्ष यादव सोही स्थानमा लडेको र राम सोगारथ यादवले मलाई छाडी रामवृक्ष यादव समक्ष गएकोमा मैले एकजना मरे नि उस्तै दुई जना मरे नि उस्तै भनी सोची तत्काले छोराको हातबाट सोही छुरा लिई निज राम सोगारथ यादवको पनि बाँया कोखामा जोरले प्रहार गर्दा राम सोगारथ यादव पनि सो स्थानमा ढलेका थिए। सो स्थानमा धेरै मानिसहरु भेला जम्मा भएकोले छुरा सोही स्थानमा फाली हामी सबैजना सो स्थानबाट भागी आफ्नो घरमा गई बस्यौं। पछि घाइतेहरुलाई निजको घर परिवारका मानिसहरुले उपचारको लागि अस्पतालमा लगेकोमा उपचारको क्रममा रामवृक्ष यादवको मृत्यु भएको कुरा थाहा पाई हामी सबैजना सो राती गाउँकै चौरीमा गई बस्यौं। सोको भोलिपल्ट बेलुका म तथा मेरो छोरा आफ्नो घर बन्द गर्नको लागि गाउँमा जाँदा प्रहरी टोलीले फेला पारी हामी दुवै जनालाई पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको पक्राउ प्रतिवादी अरुण कुमार यादवको वयान।

७. **प्रतिवादी अतिसुन्दर यादवले अनुसन्धानको क्रममा गरेको बयान :-** मिति २०७३।४।२० गते दिउँसो आफ्नो भैंसी लिई चराउन गई बेलुका करिव १९:१० बजेको समयतिर आफ्नो भैंसी लिई घरमा जाँदा मेरो घरमा मेरी आमा इनो देवी यादव, बहिनी विनिता यादव र बुबा अरुण कुमार यादव एक आपसमा कुराकानी गर्दै थिए। बुबा आमा केही रिसाएको जस्तो हुनुहुन्थ्यो। के भयो भनी म सो स्थानमा गई सोध्दा मेरी बहिनी रुन थालेकीले किन रोएको भन्दा काका रामसोगारथ यादवले मलाई विभिन्न प्रकारको अपशब्द प्रयोग गरी गाली गर्नु भएको छ। किन गाली गर्यो त भन्दा मेरो हजुर बुबा झौलि यादवले मेरो काका नाता पर्ने जाहेरवालाको घरबाट दुध मागी खाएको बहिनी विनिता यादवले देखी हामीसँग मेलमिलाप नरहेको जाहेरवालाको घरबाट किन दुध मागेर खाएको भनी आफ्नो हजुरबुबा झौली यादवलाई मेरी बहिनीले गाली गर्दा जाहेरवालाको दाजु सोगारथले मेरी बहिनीलाई विभिन्न प्रकारको अपशब्द प्रयोग गरी गाली गरेको भनी बहिनीले बताएकी थिइन्। म समेतलाई रिस उठी यो राम सोगारथ बढ्ता भएको छ, यसलाई ठिक पार्नु पर्छ, जे गर्नु परेपनि पछि नहट्ने भनी हामी चारै जनाले सल्लाह गरी मैले आफ्नो घरमा रहेको निलो रंगको प्लाष्टिकको बिंड भएको स्टीलको छुरा आफ्नो कम्मरमा पाइन्टको चेपमा लुकाई बुबा अरुण यादवले घरमा रहेको लाठी बोक्नु भयो, आमा इनो देवी यादव र बहिनी विनिता यादवले आ-आफ्नो हातमा लाठी भाटा बोकी घरबाट हामी बाहिरी निस्की, आफ्नो घर अगाडि बाटोमा आई सोही विषयमा जाहेरवालाको घर परिवारका मानिसहरुलाई गाली गर्न थालेपछि जाहेरवालाको घरबाट पनि जाहेरवाला, निजको बुबा रामवृक्ष यादव, दाजु रामसोगारथ यादव, जाहेरवालाको आमा र भाउजु पनि आफ्नो घरबाट निस्की हामीलाई गाली गलौज गर्न थाले। सोही क्रममा रामसोगारथ यादव र रामवृक्ष यादव हामी भएको स्थानमा आएकोले राम सोगारथ यादव र मेरो बुबा अरुण यादव बिच हात हालाहाल, कुटपिट हुन थालेपछि जाहेरवालाको बुबा रामवृक्ष यादवले मलाई एक झापड हानेकोले मेरो बुबा अरुण यादवले आज यिनीहरुलाई छाड्नु हुँदैन, ज्यानै मारिदिनु पर्छ जे हुन्छ, पछि हेरौंला भनेपछि मेरो साथमा रहेको सो स्टिलको छुरा निकाली जाहेरवालाको बुबा रामवृक्ष यादवको बाँया कोखाको भागमा प्रहार गरेको हुँ। रामवृक्ष यादव सोही स्थानमा लडेको र रामसोगारथ यादवले मेरो बुबा अरुण यादवलाई छाडी रामवृक्ष यादवतिर आएकोले मेरो बुबा अरुण यादवले तत्कालै मेरो हातबाट सोही छुरा लिई

रामसोगारथ यादवको पनि बाँया कोखामा नै प्रहार गर्दा रामसोगारथ यादव पनि सो स्थानमा ढलेका थिए। सो स्थानमा धेरै मानिसहरु भेला जम्मा भएकोले बुबाले छुरा सोही स्थानमा फाली दिनुभयो। हामी सबैजना सो स्थानबाट भागी आफ्नो घरमा गई बस्यौं। पछि घाइतेहरुलाई निजको घर परिवारका मानिसहरुले उपचारको लागि अस्पतालमा लगेकोमा उपचारको क्रममा रामवृक्ष यादवको मृत्यु भएको कुरा हामीले थाहा पाई हामी सबैजना सो राती गाउँकै चौरीमा गई बस्यौं। सोको भोलिपल्ट बेलुका म तथा मेरो बुवा आफ्नो घर बन्द गर्नको लागि गाउँमा जाँदा प्रहरी टोलीले फेला पारी हामी दुवै जनालाई पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको बयान।

८. **शव परिक्षण प्रतिवेदन रिर्पोटः-** Hemorrhagic shook due to injury of lung follow by stab injury भन्ने समेत व्यहोराको मृतक रामवृक्ष यादवको शव परिक्षण प्रतिवेदन।

९. **घटना विवरण कागजको व्यहोराः-** वारदातको साँझ १९:०० बजेको समयमा म आफ्नै घरमा थिएँ। सोही समयमा प्रतिवादी अरुण मरिकको बृद्ध बुवा झौली मरिक यादवले जाहेरवालाको घरबाट दुध मागी खाईरहेको देखी प्रतिवादी मध्येकी बिनिता यादवले जाहेरवालाको दरबाजामा आई झौली मरिक यादवलाई गाली गलौज गरी हातपात गरिरहेको अवस्थामा जाहेरवालाको दाजु राम सोगारथ यादवले किन काकालाई गाली गलौज गरी हातपात गरेको भन्दा सोही बिषयलाई लिएर प्रतिवादी अरुण मरिक यादव, अतिसुन्दर यादव, इनो देवी यादव, बिनिता यादव तथा जाहेरवालाको बुवा रामबृक्ष यादव र दाजु राम सोगारथ यादव समेतको बिचमा सामान्य बादबिवाद हुँदै हातपात हुन थाल्यो। बादबिवाद भईरहेको अवस्थामा प्रतिवादी मध्येको अति सुन्दर यादवले घरबाट फलामको धारिलो हतियार छुरा लिई आई जाहेरवालाको बुवा रामबृक्ष यादवलाई प्रहार गर्दा निजको बाँयातिरको छातीको भागमा लागी गम्भिर घाईते भई भुईंमा ढलेको अवस्थामा प्रतिवादी अति सुन्दर यादवको हातबाट धारिलो छुरा निजको बुवा अरुण मरिक बुवाले लिई जाहेरवालाको दाजुको बाँया साईडको छातीको भागमा सांघातिक प्रहार गरी गम्भिर घाईते बनाएको मैले देखेको हुँ। प्रतिवादी इनो देवी यादव र बिनिता यादव समेतले लाठी तथा हयाम्बरले जाहेरवालाकी आमा कुमैर देवी तथा भाउजु हिना देवी समेतलाई टाउको तथा शरिरको अन्यत्र भागमा प्रहार गरी घाईते बनाएका थिएँ। म समेतले निजहरुको झगडा छुटाउन जाँदा प्रतिवादीहरुको हातमा धारिलो छुरा, हयाम्बर तथा बाँसको लाठीले जथाभावी प्रहार गरेको देखी म समेतलाई डर लागी निजहरुको बिचको झगडा छुटाउन सकिन। त्यसको एकछिन पछि प्रहरी टोली घटनास्थलमा आई म समेतले प्रहरी टोलीको सहयोगमा जाहेरवालाको बुवा र दाजु समेतलाई जनकपुर अंचल अस्पतालमा उपचारको लागि ल्याईरहेकोमा जाहेरवालाको बुवा रामबृक्ष यादवको बाटोमा मृत्यु भएको हो। जाहेरवालाको दाजु, भाउजु तथा आमामध्ये जाहेरवालाको दाजु रामसोगारथ यादवलाई जनकपुर अंचल अस्पतालबाट रेफर गरेकोमा निजलाई काठमाण्डौ स्थित बिर अस्पतालको ट्रमा सेन्टरमा लगी उपचार गराउँदा निजको ज्यान जोखिमबाट बचेको अवस्था छ। जाहेरवालाको आमा र भाउजु पनि हालसम्म औषधी सेवन गर्दै आईरहेको अवस्था छ। प्रतिवादीहरुले धारिलो हतियार फलामको छुरा तथा बाँसको लाठी, हयाम्बर समेतले प्रहार गरी जाहेरवालाको बुवालाई क्रुर हत्या गरेको र दाजु रामसोगारथ यादवलाई मरणासन्न अवस्थामा पुर्याएको हुँदा

प्रतिवादीहरुलाई कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको रामहुलास यादव र राम बिलास यादवको करिव एकै मिलानको घटना विवरण कागज।

१०. **घटना विवरण कागज :-** मिति २०७५।४।२० गते १९:०० बजेको समयमा म आफ्नै घरमा बसेकी थिएँ। सोही समयमा जेठाजू झौली यादव मेरो दरवाजामा आई दुध माग्नु भएकोमा मेरो वुहारी हिना यादवले गिलासमा दुध दिईन्। सोही बखत झौली यादवको नातिनी बिनिता यादवले आफ्नो हजुरबुबा झौली यादवलाई नानाथरीको कुरा गरी हाम्रो दुश्मनको घरबाट किन दुध मागेको भनी गाली गर्दा मेरो छोरा रामसोगारथ यादवले किन काकालाई गाली गरेको भनी बिनिता यादवलाई सम्झाई बुझाई गरे। सो स्थानबाट बिनिता यादव आफ्नो घर गई एकछिन पछि प्रतिवादी अरुण मरिक यादव, अति सुन्दर यादव, इनो देवी यादव र बिनिता यादव आफ्नो घरबाट गाली गलौज गर्दै बाहिर निस्की बाटोमा आई म तथा मेरो घर परिवारका मानिसहरुलाई बिभिन्न प्रकारको अपशव्द प्रयोग गरी गाली गलौज गर्दै रहेको अवस्थामा म तथा मेरो बुहारी हिना यादव र छोरा रामसोगारथ यादव सो स्थानमा गई हामीलाई किन गाली गलौज गरेको भनी सम्झाई बुझाई गर्दा निजहरु नमाने पछि हामीले पनि गाली गर्न थाल्यौं। सोही क्रममा मेरो छोरा रामसोगारथ यादव र प्रतिवादी अरुण मरिक यादव बिच हातापाई हुन थाल्यो। सो स्थानमा मेरो श्रीमान रामबृक्ष यादव आई पुग्नु भई झगडा नगर भनी सम्झाउन खोजेकोमा प्रतिवादी अतिसुन्दर यादवले आफ्नो साथमा बोकेको धारिलो छुरा निकाली मेरो पति रामबृक्ष यादवको कोखामा प्रहार गर्दा मेरो पति सोही स्थानमा ढल्नु भएकोमा तत्कालै प्रतिवादी अरुण यादवले सोही छुरा लिई मेरो छोरा राम सोगारथ यादवलाई प्रहार गरे। छोरा पनि सोही स्थानमा ढले। प्रतिवादीहरु ईनो यादव र बिनिता यादवले लाठी समेतले मेरो पति समेतलाई प्रहार गरेको थिए। सो स्थानमा प्रतिवादीहरुले छुरा फाली भागेपछि म समेत भई घाईते श्रीमान र छोरालाई उपचारको लागि जनकपुर अंचल अस्पतालमा लैजादा श्रीमान रामबृक्ष यादवको मृत्यु भईसकेको तथा छोरा रामसोगारथ यादवलाई थप उपचारको लागि काठमाडौ रिफर गरी दिएको थियो। सो हातापाईमा मलाई पनि सामान्य चोटपटक लागेकोमा मेरो अवस्था सामान्य भईसकेको छ। प्रतिवादीहरु अरुण मरिक यादव, अतिसुन्दर यादव, ईनो देवी, बिनिता देवी यादव समेत भई मेरो श्रीमान तथा छोरा रामसोगारथ यादवको ज्यानै मार्नको लागि छुरा प्रहार गरेको हुँदा प्रतिवादीहरुलाई कानूनबमोजिम हदैसम्म सजाय गरी पाँउ भन्ने समेत व्यहोराको कुमैर देवी र हिना यादवले लेखाई दिएको करिव एकै मिलानको घटना विवरण कागजको व्यहोरा।

११. **बस्तुस्थिति मुचुल्काको व्यहोराः-** मिति २०७५।४।२० गते १९:३० बजेको समयमा आफ्नै घरमा रहेको अवस्थामा जाहेरवालाको घरतर्फ केही मानिसहरु गाली गलौज गरेको सुनी के भएको हो भनी सो स्थानमा जाँदा अन्य केही मानिसहरु बिच गाली गलौज हुँदै थियो। सोही क्रममा प्रतिवादी अरुण यादव र जाहेरवालाको दाजु रामसोगारथ यादव बिच हातपात हुन थाल्यो। जाहेरवालाको बुवा रामवृक्ष यादवले झै झगडा नगर भनी सम्झाई बुझाई गर्न खोज्दा प्रतिवादी मध्येका अतिसुन्दर यादवले आफ्नो साथमा बोकी ल्याएको धारीलो हतियार छुरा निकाली जाहेरवालाको बुवा रामवृक्ष यादवको बाँया कोखामा प्रहार गर्दा रामवृक्ष यादव सो स्थानमा लडे। सोही क्रममा प्रतिवादी अरुण यादवले प्रतिवादी अतिसुन्दर यादवको हातबाट सो छुरा लिई तत्कालै राम सोगारथ यादवको बाँया कोखामा प्रहार गरी रामसोगारथ पनि सो

स्थानमा ढले। हामीले कराएपश्चात छुरा सोही स्थानमा फाली आफ्नै घरतर्फ भागे। हामीले तत्कालै घाईतेहरुलाई उठाई उपचारको लागि जनकपुर अंचल अस्पतालमा लग्यौं। अस्पतालमा पुग्दा रामवृक्ष यादवको मृत्यु भईसकेको भनी डाक्टरले बताए। राम सोगारथ यादवलाई थप उपचारको लागि काठमाडौ रिफर गरी दिएका थिए। वारदात स्थानमा प्रतिवादी ईनो देवी र बिनिता यादवले हातमा लाठी बोकी मृतक तथा घाईते समेतलाई प्रहार गरेको थिए। प्रतिवादीहरुसँग वारदात स्थानमा हात हतियार रहेकोले हामीले तत्काल प्रतिकार गर्न सकेनौं। प्रतिवादीहरु अरुण यादव, अतिसुन्दर यादव, ईनो देवी र बिनिता यादव समेत भई जाहेरवालाको बुवा रामवृक्ष यादवलाई छुरा प्रहार गरी कर्तव्य गरी मारेको तथा राम सोगारथ यादवलाई ज्यान मार्ने उद्देश्यले छुरा प्रहार गरी घाईते बनाइएकोले प्रतिवादीहरुलाई कानूनबमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको बुझिएका मानिसहरुले गरेको बस्तुस्थिति मुचुल्का।

१२. **अभियोग दावी :-** जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं.१९ शिवपुरमा मिति ०७५।५।२० गते अन्दाजी २०:३० वजेको समयमा अरुण यादवको बुवा झौली यादवले रामवृक्ष यादवको घरमा दुध मागी खाँदा ईनो देवी यादवले निजलाई गाली गलौज गरी आफ्नो घरमा लगेको विषयमा रामवृक्ष यादव र अरुण कुमार यादवको परिवार वीचमा हातपात र झगडा हुँदा अरुणकुमार यादवले मारिदेउ भनी वचन दिएका र अति सुन्दर यादवले रामवृक्ष यादवलाई प्रहार गरेको छुराको चोटबाट रामवृक्ष यादवको मृत्यु भएको देखिदा प्रतिवादी अतिसुन्दर यादवको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) अनुसारको कसूर अपराध देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ ले कसूर कायम गरेको देखिदा प्रतिवादी अतिसुन्दर यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) वमोजिम सजाय हुन र अर्का प्रतिवादी अरुण कुमार यादवले वचन दिई अति सुन्दर यादवले छुरा प्रहार गरी रामवृक्ष यादवको मृत्यु भएको देखिदा संहिताको दफा १७७ बमोजिमको कसूर कायम गरेका देखिंदा प्रतिवादी अरुण कुमार यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) वमोजिम सजाय हुन तथा प्रतिवादीहरु ईनो देवी यादव र विनिता यादवले घटनास्थलमा उपस्थित भई लाठीले रामवृक्ष यादवलाई प्रहार गरेको देखिदा निजहरुको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) नं. को कसुर देखिएको र सोलाई संहिताको दफा १७७ र १७८ ले कसूर कायम गरेको देखिदा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) अनुसार सजाय हुनका साथै प्रस्तुत वारदातमा कुटपिट हुँदा घाईते रामसोगारथ यादवलाई प्रतिवादी अतिसुन्दर यादवको हातबाट छुरा खोसी अरुण कुमार यादवले प्रहार गरेका र इनो देवी र विनिता देवीले यादवले लाठीले प्रहार गरेको र अति सुन्दर यादव पनि घटनास्थल उपस्थित भई रामवृक्षको ज्यान लिने र रामसोगारथको ज्यान मार्नेसम्मको कार्यमा सरिक भएको देखिदा प्रतिवादीहरु अरुणकुमार यादव, अतिसुन्दर यादव, इनोदेवी यादव र विनिता यादवको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. को कसुर अपराध देखिएको र सोलाई फौजदारी अपराध संहिता, २०७४ को दफा १८३ ले कसूर कायम गरेको देखिदा प्रतिवादीहरु अरुण कुमार यादव, अतिसुन्दर यादव, विनिता यादव र इनोदेवी यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १५ नं. अनुसार सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग दावी।

१३. **प्रतिवादी अतिसुन्दर यादवले अदालतमा गरेको बयानः-** म उपरको अभियोग माग दावी झुठ्ठा हो। मिति २०७५।४।२० गतेका दिन म आफ्नो घरमा खाना खाई दिउँसो अन्दाजी ३:०० बजेतिर भैंसी चराउन गई भैंसी चराई साँझमा लगभग ८:०० देखि ८:१५ बजेको बीचमा घरमा आउँदा बुवालाई बेहोस भएको देखी मैले बुवालाई पानी छर्केपछि बावु होसमा आएपछि मेरो आमा पनि खेततिरबाट आउनु भयो। त्यसपछि बावुलाई सोध्दा बुवाले म घरमा आई तरकारी काट्दै बावुलाई जाहेरवालाहरुसँग केही नमाग्नुस भनी सम्झाउदै थिए। त्यतिकैमा बुबाले जाहेरवालाहरु आई मलाई कुटपिट गरेको कारण बेहोस् भएको सुनाउनुभयो। मेरो बुवा एक्कलै भएको कारण जाहेरवालाहरुले केही गर्नु भएन। एकछिन पछि नै प्रहरीले हामीलाई समातेर लगिहाल्यो। जाहेरवालाको बुवाको के कसरी मृत्यु भएको हो, थाहा भएन। जाहेरवालाको भाई के कसरी घाइते भएको थाहा भएन। हामीले जाहेरवालाहरुलाई कुटपिट गरेका छैनौं। जाहेरवालाको बुवालाई हामीले कर्तव्य गरी मारेको होइनौ। हाम्रो बुवासँग जाहेरवालाहरुको झै झगडा भएको कारण हामीउपर प्रस्तुत जाहेरी दिएको हुन सक्छन् भन्ने समेत व्यहोराको बयान।

१४. **प्रतिवादी अरुण कुमार यादवले अदालतमा गरेको बयान :-** प्रस्तुत घटना वारदातको दिन म जनकपुरबाट साँझको समयमा घर जाँदा घरमा मेरो बुवा एक्लै भएको कारण निजसँग कुराकानी गर्दा निजले जाहेरवालाको परिवारसँग दुध मागेर खाएको कुरा सुनाएपछि जाहेरवालाहरुसँग पहिलादेखि वादविवाद भैरहने भएको हुँदा जाहेरवालाहरुसँग किन माग्नु भयो, अरुसँग नै मागे हुन्थ्यो भन्दै सम्झाउँदै थिएँ। मेरो छोरी उक्त दिन आफ्नो पढाइको सिलसिलामा जनकपुरमै रहेकी र पत्नी खेततिर तथा छोरा भैंसी चलाउन गएको कारण म आफ्नो चक्कु लिएर तरकारी काट्न बसी तरकारी काट्दै बुवालाई सम्झाउँदै गरेको अवस्थामा जाहेरवाला, निजको भाई र बुवा समेत आई मलाई सवै मिली कुटपिट गर्दै घिसार्दै सडक नजिकै मेरो दैलोमा लगी त्यहाँ अन्य मानिसहरु समेत मिली मलाई कुटपिट गरेपछि मैले आफ्नो ज्यान रक्षाको लागि कसैलाई मार्ने नियत नहुँदानहुँदै पनि मेरो हातमा भएको चक्कुले हान्दा रामवृक्ष यादव र राम सोगारथ यादवलाई लाग्न गएको हो। त्यसपछि म बेहोस भएपछि मेरो छोरा आएपछि मलाई पानी दिदा होसमा आएको हुँ। मेरो कसैलाई मार्ने नियत थिएन। आफ्नो ज्यान रक्षाको क्रममा घटना भएको हो। सोमा मेरो छोरा, छोरी तथा पत्नीको संलग्नता छैन भन्ने समेत व्यहोराको बयान।

१५. पछि थप प्रमाण बुझ्दै जाँदाको अवस्थामा ठहरे बमोजिम हुने नै हुँदा हाल दुवै प्रतिवादीहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत व्यहोराको मिति २०७५।५।१८ गतेको आदेश।

१६. प्रतिवदीहरु इनो देवी यादव र विनिता यादवका नाउँमा जारी भएको पक्राउ पूर्जी मिति २०७५।७।१३ मा तामेल भएकोमा म्यादभित्र प्रतिवादीहरु आफै उपस्थित भएको वा पक्राउ भई आएको नदेखिको।

१७. फरार प्रतिवदीहरु इनो देवी यादव र विनिता यादवका नाउँमा सुरु अदालतबाट जारी भएको पक्राउ पूर्जी मिति २०७५।७।१३ मा तामेल भई निजहरु म्याद भित्र यस अदालतमा उपस्थित भएको नदेखिदा वादी नेपाल सरकारका साक्षीहरु जिल्ला सरकारी वकिल कार्यालय धनुषा मार्फत र पक्राउ परी यस अदालतको मिति २०७५।५।१८ को आदेशानुसार मुद्दा

पूर्पक्षको लागि थुनामा रहेका प्रतिवादीहरुको साक्षी निजहरु मार्फत उपस्थित गराई बकपत्र गराई पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७६।१०।७ गतेको आदेश।

१८. **घाइते राम सोगारथ यादवले अदालतमा गरेको बकपत्रः-** २०७५।४।२३ को घटना विवरण कागजको व्यहोरा र सहीछाप मेरै हो। २०७५।४।२० गते झौली यादवले मेरो घरमा आई घरका व्यक्तिसँग दुध माग्नु भयो। त्यत्तिकैमा प्रतिवादीका घरका मान्छेहरुले हाम्रो घरका मानिसहरुलाई गाली गलौज गर्दै काका समेतलाई हातपात गरेको देखी मैले किन त्यसरी वृद्ध मानिसलाई गाली गरेको भनेकोमा म तथा प्रतिवादी अरुण मरिक यादव बीच हात हालाहाल भई सामान्य कुटपिट समेत भएको थियो। कुटपिटको क्रममा अरुण मरिक यादवले तपाईलाई मारी दिन्छु भन्दै थियो। सो स्थानमा मेरो बुवा रामवृक्ष यादव पनि आइपुग्नु भयो। आज रामवृक्ष र यसको छोरालाई मारी देउ भनेपछि प्रतिवादी अति सुन्दर यादवले मेरो बुवाको बायाँ कोखामा प्रहार गरी मैले आफ्नो बुवालाई समात्न खोज्दा प्रतिवादी अतिसुन्दर यादवको हातबाट अरुण मरिक यादवले छुरी लिई मेरो बायाँ कोखमा प्रहार गरी म तथा मेरो बुवा सोही स्थानमा ढले लडयौं। त्यसपछि गाउँ समाजका मान्छेले मलाई अस्पताल पुर्याएको थियो भन्ने समेत व्यहोराको बकपत्र।

१९. **जाहेरवाला प्रमोद यादवले अदालतमा गरेको बकपत्र :-** २०७५।४।२१ को जाहेरी दरखास्तको व्यहोरा र सोमा भएको सहीछाप मेरै हो। २०७५।४।२० गते अन्दाजी ७ः३० बजेको समयमा म घरमै थिएँ। मृतक रामवृक्ष यादव मेरो बुवा हुनुहुन्छ। मृतक बुवालाई प्रतिवादी अरुण यादवको बचन आदेशानुसार प्रतिवादी अतिसुन्दर यादवले मेरो बुवाको छातीको बायाँ साइडमा धारिलो हतियार स्टीलको छुरा प्रहार गर्दा मेरो बुवाको घटनास्थलमै मृत्यु भई मेरो दाजु राम सोगारथ यादव माथि पनि निज प्रतिवादीले नै दाजुको कोखमा छुरा प्रहार गरी ज्यान मार्ने उद्योगको घटना घटाएको हो। यि प्रतिवादीहरु लगायत प्रतिवादी इनो देवी र विनिता यादव समेत मिली म लगायत मेरो भाउजु, आमा, दाजु र बुवा समेतलाई कुटपिट समेत गरेका थिएँ। त्यसपश्चात मेरो दाजुको कोखमा छुरा प्रहार भएबाट तत्कालै उपचारको लागि जनकपुर अञ्चल अस्पताल हुँदै बीर अस्पतालको ट्रमा सेन्टरमा उपचार गराएको कारणबाट निजको ज्यान बच्न गएको हो। मेरो र काका प्रतिवादी अरुण यादव बीच जग्गा र साँध सीमाना सम्बन्धी विवाद थियो। प्रतिवादी काका अरुण यादवले मेरो बुवाको जग्गा जहिले पनि मिच्ने प्रयास गर्नु हुन्थ्यो। घटना वारदात मितिका दिन दुधको विषयलाई लिएर झगडा भएको थियो भन्ने समेत व्यहोराको बकपत्र।

२०. **घटना विवरण कागज गर्ने रामहुलाश यादवले अदालतमा गरेको बकपत्र :-** २०८०।५।५ मा भएको घटना विवरण कागजको व्यहोरा र सहीछाप मेरै हो। प्रतिवादीहरु अरुण कुमार यादव, अति सुन्दर यादव, इनो देवी र विनिता यादव समेत मिली कुटपिट गरेका थिए। अतिसुन्दर यादवको हातमा छुरा थियो भने अन्यको हातमा लाठी थियो। सोही हतियार प्रयोग गरी रामवृक्षलाई मारेका हुन भन्ने समेत व्यहोराको बकपत्र।

२१. **घटना विवरण कागज गर्ने कुमैर देवीले अदालतमा गरेको बकपत्रः-** २०७५।५।११ मा भएको घटना विवरण कागजको व्यहोरा र सहीछाप मेरै हो। मेरो पति रामवृक्ष यादवलाई अतिसुन्दर यादवले छुरा प्रहार गरी मारेका हुन् भने छोरालाई समेत छुरा प्रहार गरी घाइते

बनाएका हुन्। अन्य प्रतिवादीहरुले लाठी प्रहार गरेको कारण समेत पतिको मृत्यु भएको हो भन्ने समेत व्यहोराको बकपत्र।

२२. **सुरू अदालतको आदेशः** जिल्ला प्रहरी कार्यालय धनुषाको च.नं. ५४१ मिति २०७५।४।२७ को पत्रबाट केन्द्रिय विधिविज्ञान प्रयोगशाला सामाखुशीमा दशी परीक्षण गर्न पठाइएको देखिएकोमा सोको परीक्षण प्रतिवेदन हालसम्म प्राप्त भएको नदेखिदा सो प्रतिवेदन यथाशीघ्र जिल्ला प्रहरी कार्यालय धनुषा मार्फत झिकाई पेश गर्नु भन्ने समेत व्यहोराको २०७८।३।२१ गतेको आदेश।

२३. **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनः** नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको च.नं. २४३३ मिति २०८०।२।१८ गतेको पत्रसाथ प्राप्त परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

२४. **सुरू अदालतको फैसलाः** प्रतिवादी अरुण कुमार यादव र अतिसुन्दर यादवले फरार रहेकी प्रतिवादी मध्येकी छोरी तथा बहिनी विनिता यादवलाई गाली गलौज गरेको विषयमा योजनावद्ध हिसावले झगडाको निहुँ खोजी हातमा छुरी बोकी बाटोमा गई गाली गलौज गरी रामवृक्ष यादवलाई मारेको र राम सोगारथ समेतलाई कुटपिट गरी छुरा प्रहार गरी सख्त घाइते बनाएको भनी ज्यान मार्ने उद्योगको दावी लिएको देखिन्छ। घाइते रामसोगारथ यादवको घाउ जाँच केश फारममा Fracture of 4th metaca bone उल्लेख भई काठमाडौंस्थित बीर अस्पतालको ट्रमा सेन्टरमा उपचार गराएको भन्ने देखिएको छ। हातमा छुरी बोकी छुरी प्रहारबाट घाइते भएका रामसोगारथ यादवले विनिता यादवलाई अपशब्द बचनले गालीगलौज गरेको विषयमा दुवै जना प्रतिवादी बावु छोराले रामसोगारथलाई कुटपिट गर्ने योजना बनाएको भन्ने माथि विवेचित तथ्यबाट देखिएको छ। सोही घटना वारदातमा घाइतेका बावु रामवृक्ष यादवको मृत्यु भई दुवैजना प्रतिवादीहरु उपर ज्यान सम्बन्धी कसूर ठहर भएको अवस्था छ। मार्ने नियतले धारिलो हतियार छुरी प्रहार गरी शख्त घाइते भएका राम सोगारथको उपचारको कारण ज्यान मर्न नपाएको भन्ने देखिएको अवस्थामा प्रतिवादीहरुको प्रस्तुत कार्य समेत तत्काल प्रचलित मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. तथा १५ नं. विपरीत देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) ले समेत कसूर मानेको देखिदा प्रतिवादीहरु अरुण कुमार यादव र अति सुन्दर यादवको कार्य सोही दफा १८३ को उपदफा (१) ले समेत कसूर मानेको हुँदा प्रतिवादीहरुको कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १५ नं. को कसूर ठहर्छ।

प्रतिवादीहरुले एउटै वारदातमा ज्यान सम्बन्धी कसूर तथा ज्यान मार्ने उद्योगको कसूर गरेको देखिन्छ। दुवैजना प्रतिवादीहरुलाई ज्यान सम्बन्धी कसूरमा जन्म कैदको सजाय ठहर भएको अवस्था छ। ज्यान मार्ने उद्योगको कसूरको प्रकृति, विवादको जरिया, वादविवाद झगडा गरी घटित वारदातमा पीडित र घाइतेले तत्काल प्रदर्शन गरेको व्यवहार, चोटपटकबाट घाइतेलाई दीर्घकालिन रुपमा पर्ने असर आदि कुराको विश्लेषणबाट कसूरको मात्राको आधारमा सजायको मात्रा निर्धारण गर्नु पर्ने हुन्छ। घटना वारदात हुनु अघि घाइते समेत प्रतिवादीसँग हात हालाहाल कुटपिटमा सरिक भएको मिसिलबाट देखिएको छ। मिसिल कागजबाट देखिएको परिस्थिति, घटना वारदातको प्रकृति समेतबाट कानूनले तोकेको सजायको आधारमा प्रतिवादीहरु अरुण कुमार यादव र अति सुन्दर यादवलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यान

सम्बन्धी महलको १ नं. विपरीतको कसूरमा १५ नं. बमोजिम जनही पाँच वर्ष कैद हुने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु जिल्ला अदालतबाट भएको फैसला।

२५. **प्रतिवादी अरुण कुमार यादवको पुनरावेदनपत्रः-** मिति ०७५।४।२० गतेको समयमा अरुण यादवको वुवा झौली यादवले रामवृक्ष यादवको घरमा दुध माग्न खाँदा प्रतिवादी ईनो देवी यादवले निजलाई गाली गलौज गरी आफ्नो घरमा लगेको विषयमा रामवृक्ष यादव र अरुण कुमार यादवको परिवार वीचमा हातपात झगडा हुँदा अरुण कुमार यादवले मारिदेउ भनी वचन दिएका र प्रतिवादी अतिसुन्दर यादवले रामवृक्ष यादवलाई प्रहार गरेको छुराको चोटबाट रामवृक्ष यादवको मृत्यु भएको हो। म प्रतिवादी आफ्नो बुवालाई सम्झाउँदै गरेको अवस्थामा जाहेरवाला, निजको भाई र बुवा समेत आई मलाई सवै मिली कुटपिट गर्दै घिसार्दै सडक नजिकै मेरो दैलोमा लगि त्यहाँ अन्य मानिसहरु समेत मिलि मलाई कुटपिट गरेपछि मैले आफ्नो ज्यान रक्षाको लागि कसैलाई मार्ने नियत नहुँदानहुँदै पनि मेरो हातमा भएको चक्कुले हान्दा रामवृक्ष यादव र राम सोगारथ यादवलाई लाग्न गएको हो भन्ने राम सोगारथ यादवको शरीरमा भएको प्रहार Fatel नभएको देखिएको Blunt force प्रतिवादी को प्रहारको अवस्थामा काल्पनिक छ भन्ने उक्त फैसला बदर गरी म निर्दोष व्यक्तिलाई सफाई प्रदान गर्ने गरी सुरु जिल्ला अदालतको फैसला उल्टी गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी अरुण कुमार यादवको पुनरावेदनपत्र।

२६. **प्रतिवादी अतिसुन्दर यादवको पुनरावेदनपत्रः-** प्रतिवादी अरुण यादवको वुवा झौली यादवले रामवृक्ष यादवको घरमा दुध माग्न जाँदा प्रतिवादी ईनो देवी यादवले निजलाई गाली गलौज गरी आफ्नो घरमा लगेको विषयमा रामवृक्ष यादव र अरुण कुमार यादवको परिवार वीचमा हातपात झगडा हुँदा अरुण कुमार यादवले मारिदेउ भनी वचन दिदा प्रतिवादी अति सुन्दर यादवले रामवृक्ष यादवलाई प्रहार गरेको छुराको चोटबाट रामवृक्ष यादवको मृत्यु भएको सम्बन्धमा ज्यान सम्बन्धी महलको १३(१) बमोजिम अति सुन्दर यादवलाई १३(४) बमोजिम अरुण कुमार यादवलाई तथा सोही महलको १५ नं. बमोजिम अरुण कुमार यादवले अति सुन्दुर यादवबाट छुरा खोसी राम सोगारथ यादवलाई प्रहार गरेकोमा सजायको माग दावी लिई वारदात भनिएको समयमा दोहोरो कुटपिट हुँदा छुरा प्रहार भनिएकोमा मृतकको शरिरमा एउटा छुराको प्रहार वाहेक अन्य चोट पटक नदेखिएको, घाईते रामसोगारथ यादवको शरीरमा एउटा छुराको खत वाहेक अन्य चोट पटक नदेखिएको आवस्थामा अभियोजन पक्षले लिएको दावी खण्डित भएको अवस्था छ। जाहेरवाला प्रमोद यादवले रामवृक्ष यादवलाई तथा रामसोगारथ यादवलाई अतिसुन्दर यादवले छुरा प्रहार गरेकोबाट मेरो निर्दोषित प्रमाणित छ। उक्त फैसला बदर गरी म निर्दोष व्यक्तिलाई सफाई प्रदान गर्ने गरी सुरु जिल्ला अदालतको फैसला उल्टी गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी अतिसुन्दर यादवको पुनरावेदनपत्र।

२७. यसमा मृतक र प्रतिवादी बीच पुर्व रिसईवी रहेको नदेखिएको, दुध माग्ने विषयमा भनाभन र दोहोरो हातपात भई मृतक उपर भएको छुरा प्रहारका कारण मृत्यु हुन गएको देखिएको परिप्रेक्ष्यमा पुनरावेदक प्रतिवादीलाई अभियोग दावी अनुसार जन्म कैदको सजाय हुने ठहर गरेको सुरु धनुषा जिल्ला अदालतको मिति २०८०।०५।११ को फैसला प्रमाण मुल्याङ्कनको रोह र मुलुकी अपराध संहिता,२०७४ को दफा १९४ को व्याख्या समेतको रोहमा विचारणीय हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ दुवै

पुनरावेदकको प्रतिलिपि र प्रस्तुत आदेश सहित पेसीको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिई नियमानुसार पेस गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०८१।०२।३० गतेमा भएको आदेश।

## ठहर खण्ड

२८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको शुरु सक्कल मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्याम कुमार मिश्रले आरसिदेवी यादवको अनुसन्धानको कागजमा अतिसुन्दर यादवले रामबृक्ष यादव र निजको छोरा रामसोगारथ यादवलाई छुरा प्रहार गरेको भनी व्यहोरा खुलाएकी छन्। रामसोगारथ यादवको घाउ जाँच केश फाराममा गम्भीर चोट लागेको भन्ने देखिएको छैन। घाइते चार दिनमा निको भएको हुँदा ज्यान मार्ने उद्योगको कसूर हुन सक्दैन। प्रतिवादीहरूको ज्यान मार्ने मनसाय, तयारी र सो अनुरूपको कार्य भएको पुष्टि नहुँदा ज्यान मार्ने उद्योगको कसूर कायम हुन सक्दैन। रामबृक्ष यादवलाई मार्न प्रतिवादी अरूणकुमार यादवले बचन दिएको जाहेरी दरखास्तमा खुलेको छैन भने मिसिल संलग्न कुने कागजबाट पुष्टि भएको छैन। दुई पक्षका विच सामान्य घरायसी विषयमा विवाद झगडा हुँदा हात हालाहाल भई वारदात घटेको हुँदा प्रतिवादीहरुको रामबृक्ष यादव र रामसोगारथ यादवलाई मार्ने मनसाय, योजना, तयारी र कार्य भएको छैन। जाहेरवाला, निजको भाई र बुवा समेत आई मलाई सवै मिली कुटपिट गर्दै घिसार्दै सडक नजिकै मेरो दैलोमा लगी त्यहाँ अन्य मानिसहरु समेत मिली मलाई कुटपिट गरेपछि मैले आफ्नो ज्यान रक्षाको लागि कसैलाई मार्ने नियत नहुँदानहुँदै पनि मेरो हातमा भएको चक्कुले हान्दा रामवृक्ष यादव र राम सोगारथ यादवलाई लाग्न गएको हो भन्ने अतिसुन्दर यादवको बयान देखिन्छ। यसबाट निजको मनसाय नदेखिई वारदात आवेशप्रेरित हुँदा मनसायप्रेरित हत्या कायम गरेको सुरू फैसला मिलेको छैन। अतिसुन्दर यादवले रामबृक्ष र रामसोगारथ यादवलाई हानेकोमा अरूणकुमार यादवलाई ज्यान र ज्यान मार्ने उद्योगमा कसूर कायम गरी सजाय गरेको मिलेको छैन।अरूणकुमार यादवले दुवै अभियोग दावीबाट पूर्ण सफाइ पाउनुपर्छ। घाईते रामसोगारथ यादवको शरीरमा एउटा छुराको खत वाहेक अन्य चोट पटक नदेखिएको अवस्थामा अभियोजन पक्षले लिएको ज्यान मार्ने उद्योगतर्फको दावी पनि खण्डित भएको अवस्था छ। यसर्थ दुबै प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भनि गर्नु भएको बहस सुनियो।

२९. वादी नेपाल सरकारको तर्फबाट उपस्थित उप-न्यायाधिवक्ता श्री मुहम्मद मुन्नाले प्रतिवादीहरूउपर किटानी जाहेरी परेको र जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा वकपत्र गरेका छन। प्रतिवादीहरूको छुरा प्रहारबाट रामबृक्ष यादवको मृत्यु भएको र रामसोगारथ यादव घाइते भएकोमा विवाद देखिंदैन। घाइतेको अवस्था गम्भीर भई ट्रमा सेन्टरमा उपचार भएको देखिएको छ। घाइते रामसोगारथ यादवले बकपत्र गर्दा सबै प्रतिवादीहरूले मिली आफू र बुबा रामबृक्ष यादवलाई छुरा प्रहार गरेको भनी अनुसन्धानमा कागज र अदालतमा वकपत्र गरेका छन्। दुवै प्रतिवादीहरूले दावीको कसूर गरेकोमा सावित रही अनुसन्धानमा बयान गरेका छन्। प्रतिवादी अतिसुन्दर यादवको अदालतको बयानको सज ३ मा जाहेरवाला पक्षसँग आफूहरूको पहिलेदेखि सामान्य विवाद र मनमुटाव रहेको उल्लेख

गरेका छन्। जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीहरूको बयान, शव परीक्षण प्रतिवेदन, घाइतेको घा जाँच केश फाराम, अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूको कागज र वकपत्र समेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले पहिलेदेखि रिसइवी लिई राखी योजनावद्ध रूपमा छुरी प्रहार गर्दा रामबृक्ष यादवको मृत्यु भएको र रामसोगारथ यादवलाई घाइते भएको अवस्था हुँदा दुवै प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा अभियोग सजाय गर्ने सुरू धनुषा जिल्ला अदालतको फैसला मिलेको हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

३०. उपरोक्त तथ्य रहेको प्रस्तुत मुद्दामा दुबै पक्षको तर्फबाट उपस्थित विद्धान कानून व्यवसायीहरूको बहस सुनी शुरु जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? प्रतिवादीहरू अरूणकुमार यादव र अतिसुन्दर यादवको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

३१. निर्णयतर्फ विचार गर्दा, जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं.१९ शिवपुरमा मिति ०७५।५।२० गते अन्दाजी २०:३० वजेको समयमा अरुणकुमार यादवको वुवा झौली यादवले रामवृक्ष यादवको घरमा दुध मागी खाँदा ईनो देवी यादवले निजलाई गाली गलौज गरी आफ्नो घरमा लगेको विषयमा रामवृक्ष यादव र अरुण कुमार यादवको परिवार वीचमा हातपात झगडा हुँदा अरुण कुमार यादवले मारिदेउ भनी वचन दिई अतिसुन्दर यादवले रामवृक्ष यादवलाई प्रहार गरेको छुराको चोटबाट रामवृक्ष यादवको मृत्यु भएको देखिदा प्रतिवादी अतिसुन्दर यादवको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) र मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ अनुसारको कसूर अपराध देखिएको देखिएको सोही बमोजिम सजाय हुन, अर्का प्रतिवादी अरूणकुमार यादवले रामबृक्ष यादवलाई मार्न बचन दिएकोले निजले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) बमोजिमको कसूर गरेकोले सोही दफाबमोजिम सजाय हुन, अन्य प्रतिवादीहरु ईनोदेवी यादव र विनिता यादवले घटनास्थलमा उपस्थित भई लाठीले रामवृक्ष यादवलाई प्रहार गरेको देखिदा निजहरुको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) नं. र संहिताको दफा १७७ र १७८ ले कसूर कायम गरेको देखिदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) अनुसार सजाय हुन र प्रस्तुत वारदातमा कुटपिट हुँदा घाईते रामसोगारथ यादवलाई प्रतिवादी अतिसुन्दर यादवको हातबाट छुरा खोसी अरुण कुमार यादवले प्रहार गरेका र इनो देवी र विनिता देवीले यादवले लाठीले प्रहार गरेको र अतिसुन्दर यादव पनि घटनास्थल उपस्थित भई रामसोगारथको ज्यान मार्नेसम्मको कार्यमा सरिक भएको देखिदा प्रतिवादीहरु अरुण कुमार यादव, अति सुन्दर यादव, इनो देवी यादव र विनिता यादवको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. र मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १८३ ले कसूरमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं. अनुसार सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग दावी देखिन्छ। प्रतिवादीहरू इनो देवी र विनिता देवी यादव फरार रहेकोले निजहरूको हकमा मुलतवीमा रहने तथा प्रतिवादी अरूणकुमार यादव मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४)बमोजिम र प्रतिवादी अतिसुन्दर यादवलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१)बमोजिम जन्मकैदको सजाय हुने साथै ज्यान मार्ने उद्योगतर्फ मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं बमोजिम प्रतिवादीहरू अरूणकुमार यादव र अतिसुन्दर

यादवलाई जनही पाँच बर्ष कैद सजाय हुने ठहऱ्याई सुरु जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादीहरु अरूणकुमार यादव र अतिसुन्दर यादवको यस अदालतमा प्रस्तुत छुट्टाछुट्टै पुनरावेदन पर्न आएको देखियो।

३२. घटनास्थल प्रकृति मुचुल्का, लाश जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त र घटना विवरण कागज गर्ने व्यक्तिहरूको अनुसन्धानको कागज तथा बकपत्र समेतबाट रामबृक्ष यादवको कर्तव्यबाट मृत्यु भएकोमा विवाद देखिएन। अब उक्त कसूर वारदातमा पुनरावेदक प्रतिवादीहरूको संलग्नता देखिन्छ वा देखिदैन भन्ने सम्बन्धमा विचार गर्दा अरूणकुमार यादवले बचन दिनासाथ अन्य प्रतिवादीहरूले घेरी प्रतिवादी अतिसुन्दर यादवले रामबृक्ष यादवको बायँपट्टिको कोखामा छुरा प्रहार गरेको भन्ने जाहेरी दरखास्त र सोही व्यहोराको जाहेरवालाको अदालतको वकपत्र देखिन्छ। घटनाको लगत्तै तयार भएको घटनास्थल प्रकृति मुचुल्कामा पनि अतिसुन्दर यादवले रामबृक्ष यादवलाई चक्कू प्रहार गरेको भन्ने उल्लेख भएको देखिन्छ। अतिसुन्दर यादवले आफ्नो हातमा बोकेको छुरीले रामबृक्ष यादव र रामबृक्ष यादवको छोरा रामसोगारथ यादवलाई प्रहार गरी घाइते बनाएको र उपचारको क्रममा रामबृक्ष यादवको मृत्यु भएको भनी वारदातको दिन तयार भएको घटना विवरण कागजमा आरसीदेवी यादवले व्यहोरा उल्लेख गरेको देखिन्छ। अरुण कुमार यादवको दरवाजातर्फ भुईं जमिनमा १५ ईन्च लम्वाई भएको निलो प्लाष्टिकको बिंड लगाएको PIRGEPRO 2001 25 CM लेखिएको छुराको स्टिल भागमा रगत जस्तो पदार्थ लागेको छुरा बरामद गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्काबाट देखिन्छ। सो छुरा आफ्नो भएको प्रतिवादीहरू अतिसुन्दर यादव र अरूणकुमार यादवले स्वीकार गरेको देखिन्छ।

३३. जाहेरवालाको बुवाको के कसरी मृत्यु भएको हो र जाहेरवालाको भाई के कसरी घाइते भएको हो, मलाई थाहा छैन, रामबृक्ष यादवलाई कर्तव्य गरी मारेको छैन, जाहेरवालाहरूलाई कुटपिट गरेको छैन भनी प्रतिवादी अतिसुन्दर यादवले अदालतमा इन्कारी बयान गरेतापनि वारदातस्थलमा विवाद हुँदा म समेतलाई रिस उठी यो रामसोगारथ बढ्ता भएको छ, यसलाई ठिक पार्नु पर्छ, जे गर्नु परे पनि पछि नहट्ने भनी हामी चारै जनाले सल्लाह गरी मैले आफ्नो घरमा रहेको निलो रंगको प्लाष्टिकको बिंड भएको स्टिलको छुरा आफ्नो कम्मरमा पाइन्टको चेपमा लुकाई लगेको र विवाद बढ्दै गएपछि रामबृक्ष यादवको कोखामा प्रहार गरेको हुँ भन्ने प्रतिवादी अतिसुन्दर यादवको अनुसन्धानको कसूरमा साविति बयान देखिन्छ। अर्का प्रतिवादी अरूणकुमार यादवले जाहेरवाला, निजको भाई र निजको बुवा रामबृक्ष यादवसमेत भई मेरो घरमा आई मलाई कुटपिट गर्दै घिसार्दै सडक नजिकै लगेकोले मैले आफ्नो ज्यान रक्षाको लागि कसैलाई मार्ने नियत नहुँदानहुँदै मेरो हातमा भएको चक्कुले हान्दा रामवृक्ष यादव र राम सोगारथ यादवलाई लाग्न गएको हो, सो कार्यमा मेरो छोरा, छोरी तथा पत्नीको संलग्नता छैन भन्ने समेत व्यहोराको अदालतमा कसूरमा साविति बयान गरेको देखिन्छ। प्रतिवादी अरूण यादवले अनुसन्धानमा बयान गर्दा जाहेरवाला पक्षसँग वादविवाद हात हालाहाल हुँदा छोरा अतिसुन्दर यादवले कम्मरमा लुकाई लगेको छुराले रामबृक्ष यादवलाई हानेको भनी साविति बयान गरेको देखिन्छ।

३४. प्रतिवादी अरुण मरिकको बृद्ध बुवा झौली मरिक यादवले जाहेरवालाको घरबाट दुध मागी खाईरहेको देखी प्रतिवादी मध्येकी बिनिता यादवले जाहेरवालाको घरमा आई झौली मरिक

यादवलाई गाली गलौज गरी हातपात बिषयलाई लिएर प्रतिवादी अरुण मरिक यादव, अतिसुन्दर यादव, इनो देवी यादव, बिनिता यादव तथा रामबृक्ष यादव र रामसोगारथ यादव समेतको बिचमा सामान्य बादबिवाद हुँदै हातपात हुन थालेपछि प्रतिवादी अतिसुन्दर यादवले लुकाइ राखेको चक्कूले रामबृक्ष यादव र रामसोगारथ यादवलाई प्रहार गरेको भन्ने रामहुलास यादव, रामबिलास यादव, कुमैर देवी र हिना यादवको करीव एकै मिलानको घटना विवरण कागज र बस्तुस्थिति मुचुल्काको व्यहोरा देखियो।

३५. प्रतिवादी अरूणकुमार यादवले सहप्रतिवादी एवम् आफ्नो छोरा अतिसुन्दर यादवलाई अभियोग दावीको सजायबाट बचाउन आफूले रामबृक्ष यादवको हत्या गरेको भनी अदालतमा साविती बयान गरेको देखियो। जुन तथ्य स्वयं प्रतिवादी अरूणकुमार यादवको अनुसन्धानको बयान, प्रतिवादी अतिसन्दर यादवको अनुसन्धानको साविति बयान, अनुसन्धानमा कागज गर्ने व्यक्तिहरू आरसिदेवी यादव, रामहुलास यादव, रामविलास यादव, कुमैरदेवी र हिना यादवको अनुसन्धानको कागज तथा रामहुलास यादव र कुमैरदेवीको अदालतको बकपत्र, घाइते रामसोगारथको अनुसन्धानको कागज र अदालतको बकपत्र र प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त र जाहेरवालाको वकपत्र समेतबाट खण्डित भएको देखियो। साथै घटनाको लगत्तै तयार भएको घटनास्थल प्रकृति मुचुल्कामा उल्लिखित व्यहोरा समेतबाट प्रतिवादी अतिसुन्दर यादवको अदालतको इन्कारी बयान र अरूणकुमार यादवको अदालतको साविति बयान खण्डित भएको देखियो। मिसिल संलग्न उल्लिखित सबै प्रमाण कागजहरूबाट प्रतिवादी अतिसुन्दर यादवले नै पूर्व योजना र तयारीका साथ आफ्नो घरबाट लुकाई लगेको छुरीले रामबृक्ष यादवलाई प्रहार गरेको र सोही कारणले रामृक्ष यादवको मृत्यु भएको भन्ने पुष्टि र प्रमाणित हुन आयो।

३६. मृतक रामबृक्ष यादवले प्रतिवादी अतिसुन्दर यादवलाई उत्तेजित बनाएको कारण प्रतिवादी तत्काल उत्तेजनामा आई उक्त कसूर गरेकोले उक्त कार्य मुलुकी ऐन १४ नं बमोजिमको आवेशप्रेरित हत्याको वारदात हो भन्ने प्रतिवादी अतिसुन्दर यादवको पुनरावेदन जिकिर तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्धान बरिष्ठ अधिवक्ताको बहस जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादीले मृतकउपर तत्काल उठेको रिसमा सामान्य लाठा, ढुङ्गा, लात, मुक्काले हानेको नभई प्रतिवादीले पूर्व तयारीका साथ आफ्नो घरबाट छुरी कम्मरमा लुकाई लगी सोही छुरीले रामबृक्ष यादवलाई प्रहार गरेको देखिदा यस्तो कसूरमा उक्त १४ नं बमोजिमको आवेशप्रेरित हत्याको वारदात कायम हुन सक्ने देखिएन। यसर्थ उल्लिखित आधारमा प्रतिवादी अतिसुन्दर यादवलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं को कसूरमा सोही महलको १३ (१) नं बमोजिम जन्मकैदको सजाय गर्ने सुरू धनुषा जिल्ला अदालतको फैसला सो हदसम्म मिलेकै देखियो।

३७. अर्का प्रतिवादी अरूणकुमार यादवको रामबृक्ष यादवलाई मार्ने कार्यमा निजको संलग्नता भए नभएको सम्बन्धमा विचार गर्दा माथिल्ला प्रकरणहरूमा उल्लेख भएबमोजिम छुरी प्रहारबाट रामबृक्ष यादवको मृत्यु भएको र उक्त छुरी प्रतिवादी अतिसुन्दर यादवले प्रहार गरेको पुष्टि भएको भन्ने सम्बन्धमा माथि विवेचना भैसकेको छ। जाहेरी दरखास्त र जाहेरवालाको वकपत्र, घाइते रामसोगारथ यादवको कागज र बकपत्र तथा अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूको वकपत्र समेतबाट प्रतिवादी अरुणकुमार यादवले रामबृक्ष यादवलाई छुरा प्रहार गरेको भन्ने

देखिएको छैन। मृतक जाहेरवाला पक्ष र प्रतिवादी पक्ष विच सामान्य घरायसी र पारिवारिक विवाद रहेको भन्ने मिसिल संलग्न कागजहरूबाट देखियो। सोही विवादमा दुवै पक्ष विच भनाभन, झगडा र हात हालाहाल भएको भन्ने देखियो। प्रतिवादी अरूणकुमार यादवले रिसको झोकमा जाहेरवाला पक्षलाई मारिदेउ भनी बचन दिएको भनिएतापनि निजको रामबृक्ष यादवको ज्यानै मार्नु पर्नेसम्मको कारण, मार्ने मनसाय र तयारी देखिदैन।

३८. प्रतिवादी अरूणकुमार यादव वारदातस्थलमा पुगेको र रामबृक्ष यादव पक्षसँग दोहोरो झगडा हुँदा दुवै पक्ष विच हात हालाहाल भएतापनि भएतापनि प्रतिवादी अरूणकुमार यादव आफैले रामबृक्ष यादवलाई कुनै हतियार, दाउरा, लाठी, मुक्का लाठी, दाउरा वा अन्य चिजले कुटेको वा प्रहार गरेको भन्ने देखिदैन। मृतक रामबृक्ष यादवको लाश जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा प्रतिवादी अतिसुन्दर यादवले छुरीले हानेको घाउँ बाहेकका अन्य घाउँ चोटपटकहरू रहे भएको देखिदैन। सहप्रतिवादी अतिसुन्दर यादवले सहप्रतिवादी अरूणकुमार यादवसँग सल्लाह गरी उक्त छुरी लुकाई लगेको र अरूणकुमार यादवको निर्देशन वा आदेशमा मृतकलाई प्रहार गरेको भन्ने तथ्य पनि मिसिल संलग्न प्रमाण कागजहरूबाट पुष्टि भएको देखिदैन। प्रतिवादी अरूणकुमार यादवले रामबृक्ष यादवलाई मार्न संयोग पारिदिएको वा रामबृक्ष यादवलाई समातेको अवस्था पनि मिसिल संलग्न प्रमाणहरूबाट देखिदैन। प्रतिवादी अरूण कुमार यादवको अदालतको बयान बाहेक माथि उल्लिखित कुनै पनि प्रमाणहरूबाट प्रतिवादी अरूणकुमार यादवले रामबृक्ष यादवलाई प्रहार गरेको वा मारेको भन्ने देखिदैन।

३९. प्रतिवादी अरूणकुमार यादवले सहप्रतिवादी अतिसुन्दर यादवलाई कसूर र सजायबाट बचाउने उद्देश्यले अदालतमा गरेको साविति बयानलाई मात्र आधार मानी अन्य बस्तुनिष्ठ प्रमाणबाट निजको रामबृक्ष यादवलाई मार्नमा प्रत्यक्ष संलग्नता रहेको बस्तुनिष्ठ र निश्चयात्मक प्रमाणबाट पुष्टि नभएको अवस्थामा वारदातस्थलमा उपस्थित हुँदैमा र मृतक पक्षसँग सामान्य विवाद झगडा गर्दैमा प्रतिवादी अरूणकुमार यादवलाई कर्तव्य ज्यान जस्तो कसूरमा कसूरदार कायम गरी सजाय गर्न मिल्ने देखिएन। यसर्थ प्रतिवादी अरूणकुमार यादवलाई ज्यानसम्बन्धी कसूरमा जन्मकैदको सजाय गर्ने सुरू धनुषा जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको देखिएन।

४०. प्रस्तुत वारदातमा दुवै प्रतिवादीहरूले रामसोगारथ यादवलाई ज्यान मार्ने उद्देश्यले छुरी प्रहार गरी ज्यान मार्ने उद्योगको कसूर गरेको भन्ने अर्को अभियोग दावीको सम्बन्धमा विचार गर्दा वारदातको मिति २०७५।।४।२० मा तत्कालीन जनकपुर अञ्चल अस्पतालबाट परीक्षण भएको मिसिल संलग्न घाइते रामसोगारथ यादवको घाउ जाँच केश फाराममा Type of Injury: Angabhanga (Grievous), Type of Weapons/ Objects Used: Blunt Force, Fracture of 4th Metaca bone भन्ने व्यहोरा उल्लेख भएको र पत्रसाथ घाइतेको एक्सरे रिपोर्टबाट सोबमोजिमको घाइतेको अवस्था रहेको देखियो। घाइते रामसोगारथ यादवको अवस्था गम्भीर भई काठमाडौंस्थित बीर अस्पतालको ट्रमा सेन्टरमा उपचार गराएको भन्ने देखिएको छ। जाहेरवाला र प्रतिवादी पक्ष विच भनाभन र झगडा हुँदा २५ सेमी लामो स्टिलको धारिलो छुरी वारदातमा प्रयोग भई घाइतेको बुवा रामबृक्ष यादवलाई प्रहार गर्दा निजको मृत्यु भएको र सोही हतियार घाइते रामसोगारथ यादवलाई पनि प्रहार भई निज घाइते भएको देखिदा ज्यान मार्ने मनसायले नै सो हतियार प्रहार गरेको मान्नुपर्ने देखियो।

४१. अब रामसोगारथ यादवलाई ज्यान मार्ने उद्देश्यले उक्त हतियार कसले प्रहार गरेको हो? उक्त वारदातमा के कुन प्रतिवादीको के कस्तो संलग्नता देखिन्छ भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी अरूणकुमार यादवले छोरा सहप्रतिवादी अतिसुन्दर यादवबाट उक्त छुरा खोसी आफैले रामसोगारथ यादवलाई प्रहार गरेको भन्ने जाहेरी दरखास्त, घाइते रामसोगारथको कागज तथा बकपत्र, अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूको बकपत्र, प्रतिवादीहरुको बयान समेतबाट देखिए पनि सो छुरी प्रतिवादीमध्येको अतिसुन्दर यादवले घरबाट कम्मरमा लुकाई लगेको भन्ने सम्बन्धमा माथि विवेचना भैसकेको छ। घटनाको लगत्तै सोही दिन तयार पारेको घटनास्थल प्रकृति मुचुल्कामा अतिसुन्दर यादवले हातमा बोकेको चक्कूले रामबृक्ष यादव र रामसोगारथ यादवलाई उक्त छुरा प्रहार गरेको भन्ने उल्लेख भएको देखिन्छ।जाहेरवालाले प्रतिवादी अतिसुन्दर यादवले नै रामसोगारथ यादवलाई छुरी प्रहार गरेको भन्ने उल्लेख गरेको देखिएबाट रामसोगारथ यादवलाई ज्यान मार्ने उद्देश्यले प्रहार गर्नमा पनि प्रतिवादी अतिसुन्दर यादवको संलग्नता रहे भएको देखियो।

४२. ज्यान मार्ने उद्योगमा अर्का प्रतिवादी अरूणकुमार यादवको संलग्नता रहे नरहेको सम्बन्धमा हेर्दा वारदातको दिन तत्काल तयार भएको आरसदेवी यादवको कागजमा अतिसुन्दर यादवले आफ्नो हातमा बोकेको चक्कूले रामबृक्ष यादव र निजको छोरा रामसोगारथ यादवलाई प्रहार गरी सख्त घाइते बनाएको हो भनी व्यहोरा उल्लेख गरेको देखिन्छ। यस्तै जाहेरवालाले सुरू अदालतमा वकपत्र गर्दा सज ७ मा "प्रतिवादी अतिसुन्दरले मेरो बुबाको छातीको बायाँ साइडमा धारिलो हतियार स्टिलको छुरा प्रहार गर्दा मेरो बुबाको घटनास्थलमै मृत्यु भई मेरो दाजु रामसोगारथ यादवमाथि पनि निज प्रतिवादीले नै दाजुको कोखामै छुरा प्रहार गरी ज्यान मार्ने उद्योगको घटना घटाएको हो" भनी उल्लेख गरेको देखियो। जाहेरवाला वारदातस्थलमा रही घटनाको प्रत्यक्षदर्शी भएकोले निजको भनाई बढी विश्वसनीय मान्नुपर्ने देखियो। प्रतिवादी अरूणकुमार यादवले वारदातमा प्रयोग भएको छुरी वा अन्य हतियार लिएर वारदातस्थलमा गएको भन्ने पनि देखिदैन। प्रतिवादी अरूणकुमार यादवको घाइते रामसोगारथ यादवलाई मार्ने मनसाय, योजना र तयारी रहेको मिसिल संलग्न प्रमाणहरूबाट देखिदैन। यसर्थ प्रतिवादी अरूणकुमार यादवलाई ज्यान मार्ने उद्योगतर्फको कसूरमा निजको संलग्नता देखाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं बमोजिम ५ बर्ष कैद सजाय गर्ने सुरू फैसला निजको हकमासम्म मिलेको देखिएन।

४३. अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा प्रतिवादी अतिसुन्दर यादवलाई अभियोग दावी बमोजिम तत्काल प्रचलित मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद र सोही महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर गरेको हदसम्म सुरु धनुषा जिल्ला अदालतको मिति २०८०।०६।०५ को फैसला मिलेको देखिदा सदर हुने ठहर्छ। प्रतिवादी अतिसुन्दर यादवको पुनरावेदन जिकिर पुग्न सक्दैन। अर्को प्रतिवादी अरुण कुमार यादवको हकमा विचार गर्दा निजको प्रहारबाट रामवृक्ष यादवको मृत्यु भएको भन्ने तथ्य स्थापित नभएको र निजले रामसोगरथ यादवलाई चक्कु प्रहार गरेको तथ्य घाउ जाँच केश फारमबाट स्थापित हुन नआएकोले निजलाई तत्काल प्रचलित मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) र १५ नं. बमोजिम सजाय गर्ने गरेको

हदसम्म सुरु अदालतको फैसला नमिलेकोले उल्टी भई निज प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

- सुरु फैसला केही उल्टी भई प्रतिवादी अरुणकुमार यादवले सफाई पाउने ठहरी फैसला भएकोले निजलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए आजै थुनामुक्त गर्न पत्राचार लेखी पठाई निजका नाममा सुरु जिल्ला अदालतको फैसला राखेको लगत कट्टा गर्नु भनी सुरु जिल्ला अदालतमा लेखि पठाई दिनु.........................................................१
- प्रतिवादी अतिसुन्दर यादवलाई कर्तव्य ज्यानतर्फ जन्मकैद र ज्यान मार्ने उद्योग तर्फ ५ वर्ष कैद सजाय हुने ठहर गरेको सुरु धनुषा जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएकोले सो फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)ख बमोजिम पुनरावेदन लाग्ने देखिदा ७० दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी अतिसुन्दर यादवलाई पुनरावेदनको म्याद दिई प्रतिवादीको पुनरावेदन नपरे प्रस्तुत मुद्दाको सुरु मिसिल समेत साथै राखी साधक जाँचका लागि सर्वोच्च अदालतमा पठाई दिनू..............................................................................................२
- सुरु फैसला केही उल्टी भई प्रतिवादी अरुण कुमार यादवले सफाई पाउने ठहरेको यस अदालतको फैसलामा चित्त नबुझे ७० दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी उच्च सरकारी वकिल कार्यालय जनकपुरलाई पुनरावेदनको म्याद सहित फैसलाको जानकारी दिनू........................................................................................३
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनु..............................४
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नु.................................................५
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.............................६

(श्रीकान्त पौडेल)

**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(कृष्णमुरारी शिवाकोटी)

**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

शाखा अधिकृतः- सुनिल कुमार चौहान

टाईप गर्नेः- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल भदौ १९ गते रोज ४ शुभम् ..................................................।

प्रमाणीकरण मिति : २०८१।०७।०२,